# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जमुनबारी झापा, कोशी प्रदेश, नेपाल

# पशुपन्छीहरुको लागि औषधी खरिद सम्बन्धी
# हार्डकपि शिलबन्दी दरभाउपत्र फाराम

**ठेक्का नं.: KANAKAI/SQ/Goods/2083/84-03**

**जारी मितिः २०८३/०६/१३**



CamScanner

## खण्ड १: हार्डकपि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

# कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जमुनबारी झापा, कोशी प्रदेश, नेपाल

फोनः ०२३-४०११५५, इमेलः kanakai.mun@gmail.com

### पशुपन्छीहरुको लागि औषधी खरिद सम्बन्धी हार्डकपि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१३

कनकाई नगरपालिकाको कार्यालयमा आ.व. २०८३।८४ मा आवश्यक पशुपन्छीहरुको लागि औषधी खरिद गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार सम्पूर्ण शिलबन्दीदाताहरुको जानकारीको लागि हार्डकपि शिलबन्दी (Sealed quotation) आह्वान गरिएको छ।

१. खरिद सम्बन्धी विवरणहरुः-

| क्र. स. | ठेक्का नं.: | विवरण | शिलबन्दी पेश गर्ने अन्तिम मिति तथा समय | शिलबन्दी मान्य हुने अवधी | शिलबन्दी जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | शिलबन्दी जमानतको मान्य हुने न्यूनतम अवधी |
|---|---|---|---|---|---|---|
| १. | KANAKAI/SQ/ Goods/2083/84-03 | पशुपन्छीहरुको लागि औषधी खरिद | २०८३।०६।२० मध्यान्ह १२:०० बजे | शिलबन्दी खोल्ने दिनबाट ४५ दिन | रु. ४०,०००।- | ७५ दिन |

२. शिलबन्दी पेश गर्न इच्छुक शिलबन्दीदाताहरुले थप जानकारी लिन वा शिलबन्दी सम्बन्धी कागजात हेर्न नगरपालिकामा सम्पर्क गर्न सकिनेछ वा नगरपालिकाको आधिकारिक वेवसाईड (www.kankaimun.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

३. तोकिएको मिति र समय भित्र प्राप्त भएका शिलबन्दी सोही दिनको अपरान्ह १२:३० बजे उपस्थित हुन चाहने शिलबन्दीदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर शिलबन्दीदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्राप्त भएका शिलबन्दीहरु खोल्न कुनै बाधा पर्ने छैन।

४. शिलबन्दी खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५. शिलबन्दीसाथ माथिको तालिकामा उल्लेख भए बमोजिम शिलबन्दी जमानत पेश गर्नु पर्नेछ र उक्त शिलबन्दी जमानतको मान्य हुने अवधी शिलबन्दीको मान्य हुने अवधी भन्दा कम्तिमा ३० दिन बढी अवधी सम्मको हुनुपर्नेछ।

६. शिलबन्दीदाताले शिलबन्दी जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.: १४७०३०००००३००००००००१ मा जम्मा गरी बुझिने गरी सक्कल भौचरको पेश गर्नुपर्नेछ।

७. एक शिलबन्दीदाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र शिलबन्दी पेश गर्न पाउनेछ । कुनै शिलबन्दीदाताले एक भन्दा बढी शिलबन्दी पेश गरेको अवस्थामा त्यस्तो शिलबन्दीहरु मान्य हुनेछैन।

८. शिलबन्दी सम्बन्धी कागजातमा रहेका कुनै बिषयमा स्पष्ट हुन चाहने इच्छुक शिलबन्दीदाताले शिलबन्दी पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरि प्रष्टीकरण प्राप्त गर्न सक्नेछन

१. औषधि दाखिला हुन आउँदा कम्तिमा १८ महिना पछिको Expiry date हुनुपर्नेछ तर कुनै औषधिके जम्मा Expiry date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा self life को कम्तिमा ७५ प्रतिशत म्याद बाँकि हुँदा नै दाखिला गर्नुपर्नेछ ।

२. शिलबन्दी दरभाउपत्रदाताले शिलबन्दी दरभाउपत्र पेश गर्दा भ्याट लाग्ने र नलाग्ने आईटम उल्लेख पेश गर्नुपर्नेछ ।



निमित प्रमुख प्रशासकीय अ...

CamScanner

३. शिलबन्दीदाताले पेश गर्ने शिलबन्दीमा निम्न कागजातहरु बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नुपर्नेछ।

क. कानूनी ग्राह्यता सम्बन्धी कागजातहरु:

- भ्याट/प्यान दर्ता प्रमाणपत्रको छाँयाप्रति,
- भेटरीनरी औषधि बिक्री ईजाजत पत्रको छाँयाप्रति नविकरण सहित
- आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको छायाप्रति

ख. शिलबन्दी जमानत (नगद जम्मा वा बैंक जमानत)

ग. अख्तियारी पत्र (शिलबन्दीमा संचालक बहेको हस्ताक्षर भएमा)

घ. अंकित मूल्य सूची (कबोल रकम)

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा

४. शिलबन्दी टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

५. शिलबन्दीदाताले आफुले पेश गरेको शिलबन्दी फिर्ता लिन वा संशोधन गर्न सक्ने छैनन् ।

६. पेश भएका शिलबन्दीको पूर्णता, ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरी सार्वजनिक खरिद ऐन २०६३ (संसोधन समेत) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) बमोजिम सारभुत रुपमा प्रभावग्राही शिलबन्दी दरभाउपत्रदातालाई छनौट गरिनेछ ।

७. शिलबन्दीदाताले शिलबन्दी फारमको प्रत्येक पाना एवं सामग्रीको दररेट भरी आफुले कबोल गरेको रकम अंक र अक्षर प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । कबोल रकमको अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई आधार मानी कूल कबोल रकम गणना गरिनेछ।

८. शिलबन्दीदाताले आपूर्ती गर्ने सामग्रीहरु कार्यालयले निर्धारण गरेको स्पेशिफिकेशनमा उल्लेख भए बमोजिमको हुनु पर्ने छ। स्पेशिफिकेशनमा उल्लेख भए भन्दा फरक गुणस्तरको सामग्री भएमा कार्यालयले उक्त सामग्री स्वीकार गर्ने छैन।

९. शिलबन्दीमा उल्लेखित सामग्रीको परिमाण कार्यालयले आवश्यकता अनुसार थप घट गर्न सक्ने छ। थपघट भएता पनि शिलबन्दीदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन।

१०. सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि शिलबन्दी स्वीकार वा अस्वीकार गर्ने वा शिलबन्दीको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण शिलबन्दी अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरी रद्ध वा अस्वीकार गर्दा शिलबन्दीदताप्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन ।

११. नगरपालिकाले शिलबन्दी स्वीकृतीको जानकारी "स्वीकृतीपत्र वा "दरभाउपत्र स्वीकृतीको सूचना" मार्फत स्वीकृत वा छनौट भएको शिलबन्दीदातालाई र अन्य सबै सहभागी शिलबन्दीदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ ।

१२. सम्झौता भए पश्चात कार्यदिश जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ।

१३. प्रस्तावित कार्यको निमित्त छनौट भएको शिलबन्दीदाता शिलबन्दी प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा वा नगरपालिकालाई रकम बुझाउनु बाँकी बक्यौता भएको ठहरिएमा नगरपालिकाले त्यस्तो शिलबन्दीदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

१४. अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

निमित प्रमुख प्रशासकीय अधिकृत



CamScanner